परिच्छेद ६

# सन् २०२३ को मानव अधिकार उल्लङ्घन सूचकाङ्क, नेपाल

यस खण्डमा निर्धारित सूचकहरूका आधारमा मूलत: शारीरिक हिंसामा केन्द्रित रहेर नेपालका सातवटै प्रदेशका लागि मानव अधिकार उल्लङ्घन सूचकाङ्क (Human Rights Violation Index - HRVI) को निर्माण गरिएको छ। मानव अधिकार उल्लङ्घन सूचक एक समग्र सूचकाङ्क हो, जसले मानव अधिकार उल्लङ्घनका सन्दर्भमा नेपालका सात ओटै प्रदेशको सापेक्षिक स्थिति पहिचान गर्न मद्दत गर्दछ। विश्वव्यापी रूपमा मानव अधिकारको सूचकाङ्क निर्माणका लागि अलग-अलग संयन्त्रहरू छन्। उदाहरणका लागि विश्वव्यापी मानव अधिकार सूचकाङ्क (https://huridocs.org/resource-library/human-rights-research-databases/universal-human-rights-index/), मानव अधिकार मापन प्रयास/पहल (https://humanrightsmeasurement.org/), मानव स्वतन्त्रता सूचकाङ्क २०२१ (Vásquez, McMahon, Murphy & Schneider, 2021) र आन्तरिक हिंसा सूचकाङ्क: विकासोन्मुख देशहरूमा आन्तरिक हिंसा र अपराधको समग्र तथा मात्रात्मक उपाय (Feindouno, Goujon & Wagner, 2016) हुन्। संयुक्त राष्ट्रसङ्घ (२०१२) ले मानव अधिकार सूचकहरूको मापन र कार्यान्वयनका लागि विस्तृत मार्गनिर्देशन गरेको छ।

इन्सेकले तल्लो तहसम्म नियमित अनुगमन गरेर राज्य र अन्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घन सम्बन्धी घटनाहरू सङ्कलन गर्दछ। तसर्थ यस खण्डमा प्रस्तुत गरिएका सूचकाङ्कहरूले मानव अधिकार परिपूर्ति सूचकाङ्क नभएर मानव अधिकार उल्लङ्घन सूचकाङ्कलाई प्रतिनिधित्व गर्दछन्। यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने यहाँ मानव अधिकार उल्लङ्घन सूचकाङ्कको निर्माण गर्न फेइन्डौनो, गौजोन र वाग्नर (सन् २०१६) ले प्रयोगमा ल्याएको मानव अधिकार उल्लङ्घन सूचकाङ्को विधिलाई अनुशरण गरिएको छ, जसले घटनामा आधारित तथ्याङ्क र हिंसाको दर दुवैलाई समेट्छ।

सन् २०२३ मा इन्सेकले १६ ओटा शीर्षक/क्षेत्र (Domain) अन्तर्गत ४६ ओटा सूचकहरू निर्धारण गरी मानव अधिकार उल्लङ्घनका तथ्याङ्क सङ्कलन गरेको थियो (अनुसूची १ परिशिष्ट ३-९)। यी सूचकहरूमध्ये ठूलो सङ्ख्या (४१ ओटा सूचकहरू) भौतिक प्रकृतिको हिंसा विशेषगरी शारीरिक हिंसाका घटनाहरूसँग सम्बन्धित छन्। जसलाई १४ ओटा विभिन्न क्षेत्रहरूमा सङ्गठित गरिएको छ। ती क्षेत्रहरूमा अपहरण, गिरफ्तारी, कुटपिट, बाल अधिकार, जेलमा मृत्यु, हिरासतमा मृत्यु, बेपत्ता, अमानवीय व्यवहार, घाइते, हत्या, धम्की, यातना, भेला हुने अधिकार र महिला अधिकार रहेका छन्। ४६ ओटा सूचकहरूमध्ये चार ओटा सामाजिक-आर्थिक-सांस्कृतिक अधिकारको उल्लङ्घन र जातीय भेदभावसँग सम्बन्धित छन्। यस विश्लेषणमा भौतिक प्रकृतिको मानव अधिकार उल्लङ्घनका सन्दर्भमा नेपालका सात ओटा प्रदेशको तुलनात्मक स्थिति झल्काउन शारीरिक हिंसाका सूचकहरू मात्र समावेश गरिएको छ। शारीरिक हिंसासम्बन्धी जानकारी यस अर्थमा महत्त्वपूर्ण छ कि यो मानिसको शारीरिक सुरक्षाको विरुद्ध हुन्छ। त्यसैले सामाजिक-आर्थिक-सांस्कृतिक अधिकारको उल्लङ्घन (ज्याला इन्कारी तथा सम्पत्तिको अधिकार) र जातीय भेदभाव (सार्वजनिक स्थान प्रवेशमा रोक र छुवाछुत) सम्बन्धी चार ओटा सूचकहरूलाई विश्लेषणबाट हटाइएको छ। यी सूचकहरूका बारेमा सङ्कलित तथ्याङ्कहरू पनि अनुमान गरिएभन्दा निकै कम भएको देखिन्छ। यसका अतिरिक्त बाल अधिकार क्षेत्र अन्तर्गत सामाजिक-सांस्कृतिक प्रकृतिका एउटा सूचक बालविवाह पनि विश्लेषणमा समेटिएको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक हिंसा, जातीय भेदभाव, बालविवाह र शिक्षाबाट वञ्चितसँग सम्बन्धित पाँच ओटा सूचकहरूलाई समावेश नगर्दा विश्लेषणमा समावेश गरिएका सूचकहरूको कूल सङ्ख्या ४१ हुन आउँछ। सबै प्रदेशमा घरेलु हिंसाका घटनाहरूको रिपोर्टिङ (महिला अधिकार क्षेत्र अन्तर्गत) अपेक्षा गरेभन्दा निकै कम रहेको तथ्यलाई पनि ध्यानमा

राखिएको छ। त्यसकारण यस अध्ययनमा घरेलु हिंसासम्बन्धी तथ्याङ्क नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २०२१ (स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, (MoHP Nepal] et al., 2023) को "विगत १२ महिनाको अवधिमा आफ्ना यौन साथी (intimate partner) हरूबाट शारीरिक र यौन हिंसा भोगेका १५-४९ वर्ष उमेर समूहका महिलाहरूको प्रतिशत" लाई प्रयोगमा ल्याइएको छ। यस तथ्याङ्कले शारीरिक प्रकृतिको हिंसाजस्तै शारीरिक र यौन हिंसालाई नै प्रतिबिम्बित गर्दछ ।

विभिन्न शीर्षक अन्तर्गतका सूचकहरूद्वारा अरूलाई शारीरिक रूपमा चोट पुऱ्याउने नियतसहित गरिएका प्रत्यक्ष आक्रमणबाट उत्पन्न अवस्था (कुटपिट, अमानवीय व्यवहार, घाइते, झुण्ड्याएर हत्या, विष, यातना, शारीरिक सजाय आदि), गिरफ्तारी (अपहरण, गिरफ्तारी, बेचबिखन), यौन आघात (यौन दुर्व्यवहार, बलात्कार, बलात्कार प्रयास), राजनीतिक स्वतन्त्रतामा अवरोध (पक्राउ, लाठी चार्ज, भेला हुने अधिकार), जेलको अवस्था र अपर्याप्त सेवा (जेल तथा हिरासतमा मृत्यु र प्रसूती सेवाको अभावमा मृत्यु) र यस्तै अन्यलाई समेटिएका छन्। घटनाका अभियुक्त राज्य र अन्य पक्ष दुवै हुन सक्छन्।

## सूचकाङ्कको निर्माण

माथि उल्लेख गरिए अनुसार यो सूचकाङ्क फेइन्डौनो, गौजोन र वाग्नर (२०१६) द्वारा अघि सारिएको विधिलाई अवलम्बन गरी निर्माण गरिएको छ। फेइन्डौना र साथीहरूले सन् २०१२ मा एक सय तीसओटा विकासोन्मुख देशका लागि आन्तरिक हिंसाका सातओटा समूहसँग सम्बन्धित विभिन्न सूचकहरू प्रयोग गरी आन्तरिक हिंसाको सूचकाङ्क (Internal Violence Index-IVI) निर्माण गरेका थिए। मानव विकास सूचकाङ्क (Human Development Index-HDI) निर्माणका लागि प्रचलित सूत्र प्रयोग गरी ती सूचकाङ्क निर्माण गरिएको थियो। यो सूचकाङ्कले विभिन्न एकाइहरूमा प्रस्तुत गरिएका तथ्याङ्कलाई सामान्य र तुलनात्मक बनाउन मानकीय आधार दिन्छ। यो सूत्र जसलाई न्यूनतम/अधिकतम विधि भनिन्छ, निम्न अनुसार रहेको छ :

$$\text{Index} = 100 \times \frac{(\text{Variable Value} - \text{Min}}{(\text{Max} - \text{Min})}$$

सुत्रमा प्रयोग चर मान (Variable value) ले सूचकको मानलाई जनाउँछ, जुन घटनाहरूको वास्तविक गणना वा सर्वेक्षणबाट प्राप्त वास्तविक मान हो। 'न्यून' (Min) र 'अधिक' (Max) ले 'न्यूनतम' र 'अधिकतम' मानलाई जनाउँछ। 'न्यूनतम' र 'अधिकतम' मानलाई सात ओटा प्रदेशहरूमा अवलोकन गरिएको 'न्यूनतम' र 'उच्चतम' मानले प्रतिनिधित्व गर्दछ। सूचकाङ्कको मान न्यूनतम ० देखि अधिकतम १०० सम्म हुनेछ। यदि कुनै चर (चर मान) का लागि अवलोकन गरिएको मान न्यूनतम मान बराबर छ भने सूचकाङ्कको मान ० हुन्छ जसले शारीरिक हिंसाको अवस्था न्यूनतम रहेको देखाउँछ। अर्कोतर्फ यदि कुनै चर (चर मान) का लागि अवलोकन गरिएको मान अधिकतम मान बराबर छ भने सूचकाङ्कको मान १०० हुन जान्छ जसले शारीरिक हिंसाको अवस्था उच्चतम रहेको देखाउँछ। अन्य अवलोकन गरिएका मानहरूका लागि सूचकाङ्कको मान ० र १०० का बीचमा हुन आउँछ ।

सूचकाङ्कको निर्माणमा अर्को चरण भनेको अङ्कभारको प्रयोग गरेर सूचकहरूको मान सम्मिलन गर्नु हो। फेइन्डौनो, गौजोन र वाग्नर (२०१६) द्वारा निर्धारण गरिएको नियमलाई अनुसरण गर्दै प्रत्येक क्षेत्र (domain) लाई 1/(D×n) को समान अङ्कभार दिइएको छ, जहाँ 'D' भनेको क्षेत्रहरूको संख्या हो र 'n' भनेको प्रत्येक क्षेत्रमा सूचकहरूको संख्या हो। यस नियम अनुसार, एकल सूचकका साथ कुनै पनि क्षेत्रको अङ्कभार १/१४ वा १/(१४×१) का रूपमा दिइएको छ। यहाँ एकल सूचक (अपहरण, गिरफ्तारी, कुटपिट, जेलमा मृत्यु, हिरासतमा मृत्यु, बेपत्ता, धम्की र यातना) सहित आठ ओटा क्षेत्र छन्। बाँकी ६ ओटा क्षेत्र (बाल अधिकार, अमानवीय व्यवहार, घाइते, हत्या, भेला हुने अधिकार र महिला अधिकार) मा एकभन्दा बढी सूचक छन्। प्रत्येक क्षेत्रमा तोकिएको अङ्कभार तालिका नं. ६.१ मा दिइएको छ।

**तालिका ६.१** **क्षेत्रगत अङ्कभार**


| क्र.सं. | क्षेत्रहरू | सूचकहरूको सङ्ख्या | अङ्कभार | क्र.सं. | क्षेत्रहरू | सूचकहरूको सङ्ख्या | अङ्कभार |
|---|---|---|---|---|---|---|---|
| १. | अपहरण | १ | १/१४ | ८. | अमानवीय व्यवहार | ३ | १/(१४×३) |
| २. | गिरफ्तार | १ | १/१४ | ९. | घाइते | ६ | १/(१४×६) |
| ३. | कुटपिट | १ | १/१४ | १०. | हत्या | ९ | १/(१४×९) |
| ४. | बाल अधिकार | ५ | १/(१४×५) | ८. | भेला हुने अधिकार | २ | १/(१४×२) |
| ५. | कारागारमा मृत्यु | १ | १/१४ | १२. | धम्की | १ | १/१४ |
| ६. | हिरासतमा मृत्यु | १ | १/१४ | १३. | यातना | १ | १/१४ |
| ७. | बेपत्ता | १ | १/१४ | १४. | महिला अधिकार | ८ | १/(१४×८) |
| | **जम्मा** | | | | | **४१** | |

**नतिजाहरू**

अध्ययनको नतिजाले शारीरिक हिंसामा प्रतिबिम्वित हुने मानव अधिकार उल्लङ्घनको समग्र सूचकाङ्क (अङ्क) का आधारमा बागमती प्रदेश (८५.२४) सूचकाङ्क मानसहित सबैभन्दा उच्च स्थानमा रहेको देखाएको छ भने मधेश प्रदेश (६४.३९) सूचकाङ्क मानसहित दोस्रो स्थानमा रहेको देखिन्छ (चित्र नं. ६.१)। सुदूरपश्चिम र गण्डकी प्रदेश क्रमश: (९.५१) र (१६.३६) को सबैभन्दा कम सूचकाङ्क मानसहित सबैभन्दा तल्लो स्थानमा छन्। अध्ययनको नतिजाले बाँकी तीनओटा प्रदेशहरू कोशी (४९.८१), लुम्बिनी (४२.१२) र कर्णाली (३१.२५) मध्यम स्थानमा रहेको देखाएको छ।

चित्र नं. ६.२ ले खास/अलग क्षेत्रहरूद्वारा सूचकाङ्क मानका आधारमा नेपालका सात प्रदेशको वरियता देखाएको छ (तल्लोदेखि माथिल्लो श्रेणीले शारीरिक हिंसाको सबैभन्दा खराबदेखि राम्रो अवस्थालाई दर्शाउँछ)। यस चित्रले पनि देखाउँछ बागमती प्रदेश समग्र सूचकाङ्क मानसहित आठ ओटा क्षेत्र (अपहरण, गिरफ्तारी, बालअधिकार, कारागारमा मृत्यु, बेपत्ता, घाइते, भेला हुने अधिकार र धम्की) मा उच्चतम श्रेणी र चार ओटा क्षेत्र (हिरासतमा मृत्यु, हत्या, कुटपिट र महिला अधिकारहरू) मा दोस्रो वा तेस्रो उच्च श्रेणीमा (तालिका नं. ६.२) रहेको देखाउँछ। मधेस प्रदेश ६ ओटा क्षेत्र (अपहरण, कुटपिट,

**चित्र ६.१** **प्रदेशको मानव अधिकार उल्लङ्घन सूचकाङ्क**




(स्रोत : इन्सेक, २०२३)

हिरासतमा मृत्यु, अमानवीय व्यवहार, यातना र महिला अधिकार) मा उच्च श्रेणीमा रहेको छ। यी दुई ओटा प्रदेशको तुलनामा कोशी प्रदेश दुई ओटा क्षेत्र (हत्या र धम्की) मा मात्र उच्च श्रेणीमा रहेको छ भने लुम्बिनी र कर्णाली प्रदेश एउटा क्षेत्र (क्रमश: हिरासतमा मृत्यु र यातना) मा उच्च श्रेणीमा रहेका छन्। सुदूरपश्चिम र गण्डकी प्रदेशहरू अधिकांश क्षेत्रहरूमा अतिन्यून श्रेणी (४ वा माथि) सहित सबैभन्दा कम समग्र सूचकाङ्क मान भएका प्रदेशहरू हुन्।

प्रदेश शारीरिक हिंसाका हिसाबले बहुसङ्ख्यक क्षेत्रमा सबैभन्दा उच्च श्रेणीमा रहेको प्रष्ट हुन्छ। यसले वागमती प्रदेशमा मानव सुरक्षाको अवस्था सबैभन्दा खराब रहेको सङ्केत गर्छ। राजनैतिक हिंसा र शारीरिक प्रकृतिको बाल तथा महिला अधिकार हननका हिसाबले पनि यो प्रदेश सबैभन्दा खराब अवस्थामा छ। मधेस प्रदेश वाग्मतीभन्दा राम्रो अवस्थामा देखिन्छ तर पनि यो प्रदेश शारीरिक हिंसाका अधिकांश सूचकहरूमा खराब नै देखिएको छ। सुदूरपश्चिम र

**तालिका ६.२ शारीरिक हिंसाका विभिन्न क्षेत्र अनुसार नेपालका सात प्रदेशहरूको औसत श्रेणी (सबैभन्दा न्यूनदेखि उच्चतम श्रेणीले शारीरिक हिंसाको खराबदेखि राम्रो अवस्थालाई दर्शाउँछ)**


| क्षेत्र | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| अपहरण | ३ | १ | १ | ४ | २ | ३ | ४ |
| गिरफ्तार | २ | ३ | १ | ५ | ४ | ६ | ७ |
| कुटपिट | २ | १ | ५ | ७ | ३ | ४ | ६ |
| बाल अधिकार | २ | ४ | १ | ५ | ३ | ७ | ६ |
| कारागारमा मृत्यु | २ | ५ | १ | ५ | ४ | ५ | ३ |
| हिरासतमा मृत्यु | २ | १ | २ | २ | १ | २ | २ |
| बेपत्ता | ३ | ३ | १ | ३ | २ | ३ | ३ |
| अमानवीय व्यवहार | २ | १ | ७ | ३ | ४ | ६ | ५ |
| घाइते | २ | ३ | १ | ४ | ७ | ५ | ६ |
| हत्या | १ | २ | ३ | ५ | ४ | ६ | ७ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ४ | ३ | १ | ५ | ५ | २ | ५ |
| धम्की | १ | ५ | १ | ४ | ३ | २ | ४ |
| यातना | २ | १ | २ | २ | २ | १ | २ |
| महिला अधिकार | ४ | १ | २ | ७ | ३ | ६ | ५ |
| **समग्र श्रेणी** | **३** | **२** | **१** | **६** | **४** | **५** | **७** |

(स्रोत : चित्र ६.२)

**निष्कर्ष**

सन् २०२३ का लागि भौतिक प्रकृतिको हिंसासम्बन्धी इन्सेकका तथ्याङ्कहरूलाई उपयोग गरी यस खण्डमा शारीरिक प्रकृतिको मानव अधिकार उल्लङ्घनको समग्र सूचकाङ्कका साथै शारीरिक हिंसाका १४ क्षेत्रहरूअनुसार नेपालका सात प्रदेशको सापेक्षित स्थितिको विश्लेषण गरिएको छ। विश्लेषणबाट नेपालको सङ्घीय सरकार र राजधानी रहेको बागमती गण्डकी प्रदेशहरू हिरासतमा यातना र मृत्युको हिसाबले सबैभन्दा खराब स्थितिमा रहे पनि मानव सुरक्षाका दृष्टिकोणले उत्कृष्ट श्रेणीमा रहेका छन्। कोशी, लुम्बिनी र कर्णाली यी तीनओटा प्रदेश मानव सुरक्षाका हिसाबले मध्यम श्रेणीमा छन् तर अधिकांश सूचकका आधारमा कर्णाली प्रदेशको तुलनामा कोशी र लुम्बिनी प्रदेश कमजोर अवस्थामा देखिएका छन्।

| चित्र ६.२ | शारीरिक हिंसाको क्षेत्रका आधारमा सात प्रदेशको सूचकाङ्क |
|---|---|




(स्रोत : इन्सेक, २०२३)